नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग
(वन संरक्षण शाखा)

४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः
पत्र संख्या : २/५/०७६/०७७
च. नं.: ६५१

मितिः २०७६/०९/०२

**विषय : राष्ट्रिय वन क्षेत्र सरकारी दर्ता तथा लिजमा लिन र दिन नसकिने /नमिल्ने सम्वन्धमा ।**

श्री डिभिजन वन कार्यालय
८४ वटा (सबै) ।

उपरोक्त सम्वन्धमा वन तथा वातावरण मन्त्रालय (वन तथा जलाधार महाशाखा) को पं.सं. ०७६/०७७ (व.भू) १२९ मिति २०७६/८/२२ को पत्रवाट वन ऐन, २०७६ मा उल्लेखित प्रावधान अनुसार जुनसुकै प्रकारको राष्ट्रिय वन क्षेत्र (यस प्रकारले प्रयोग गर्न उपलब्ध भै यस विभागसँग सम्झौता गरिएको राष्ट्रिय वन क्षेत्र समेत) सरकारी दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ बमोजिम कोहि कसैले दर्ता वा लिजमा लिन र दिन समेत नसकिने/नमिल्ने भएकोले सोहि व्यहोरा जानकारी सम्पुर्ण डिभिजन वन कार्यालयहरुलाई गराउने भनि श्री वन तथा वातावरण मन्त्रालयबाट निर्देशानुसार आदेश भएकोले सोहि अनुसार गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

उत्तम चापागाई
सहायक वन अधिकृत

**पूनश्चः** सोहि बमोजिमको साविक वन तथा भू-संरक्षण मन्त्रालय (वन उद्यम तथा व्यवस्थापन महाशाखा) को पं.सं. व.सं. तथा व्य ०७३/०७४ चं.नं. १९ मिति २०७३/०५/०१ को पत्र यसैसाथ संलग्न छ ।

पत्रोत्तरमा पत्र सङ्ख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा भू-संरक्षण मन्त्रालय
(वन उद्यम तथा व्यवस्थापन महाशाखा)

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

व.सं.तथा व्य. ०७३।७४

पत्र संख्या:-
चलानी नं.:- ९८
प्राप्त पत्र संख्या र मिति:

मिति:२०७३।५।१

विषय : राष्ट्रिय वनक्षेत्रको जग्गा दर्ता गर्न र लिजमा दिन नमिल्ने संबन्धमा ।

श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय
सिंहदरवार ।

उपरोक्त संबन्धमा यस मन्त्रालयको प.सं.व.सं. तथा व्य.०७२।७३ च.नं. ४३३ मिति २०७२।२।२० को अनुरोध पत्रबाट वन ऐन २०४९ को दफा १६ मा राष्ट्रिय वनक्षेत्रको जग्गा कसैले पनि दर्ता गर्न/गराउन नपाउने स्पष्ट व्यवस्था रहेको हुनाले तहाँ मन्त्रालयबाट जारी भएको सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने संबन्धि कार्यनिती, २०७१ अनुसार राष्ट्रिय वनक्षेत्रको जग्गा कुनै पनि निकायलाई दर्ता तथा लिजमा उपलब्ध गराउन नसकिने/नमिल्ने भएको हुनाले उक्त कार्यनिती २०७१ मा **राष्ट्रिय वनक्षेत्रको जग्गा बाहेक** अन्य सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने व्यवस्था हुने गरी संशोधन हुने व्यवस्था मिलाउन अनुरोध गरिएको बिदितै होला । ( सो पत्रको छाँयाकपी पुन: यसैसाथ संलग्न राखी पठाईएको छ । )

यसै सर्न्दभमा जिल्ला वन कार्यालय रुपन्देहीको प.सं.०७३।७४ च.नं.१३७ मिति २०७३।०४।२३ को पत्रबाट सो जिल्लामा विभिन्न सरकारी तथा गैर सरकारी कार्यालय,संघसंस्था आदिबाट राष्ट्रिय वनक्षेत्र अतिक्रमण गर्ने र तहाँ भौतिक संरचना समेत निर्माण गर्ने र तत्पश्चात उक्त कार्यनिती २०७१ अनुसारको समितिबाट दर्ता तथा लिजमा उपलब्ध गराउन सिफारिस समेत गर्ने गराउने कार्यहरु भई सरकारी निकायबाटै वन ऐन २०४९ को प्रावधान बिपरीत राष्ट्रिय वनक्षेत्र अतिक्रमण गराउने वातावरण भएको हुनाले तत्कालै यसतर्फ आवश्यक कारबाही हुन भनी यस मन्त्रालयमा अनुरोध गरी लेखी आएको अवस्था देखिएको छ । यसै गरी सोही कार्यनिती २०७१ अनुसार राष्ट्रिय वनक्षेत्रको जग्गा दर्ता तथा लिजमा उपलब्ध गरी पाँउ भनी अन्य निकायहरुबाट समेत बारम्बार माग भै आउने कम बढि रहेको देखिन्छ । यस प्रकारका काम कारबाहीबाट राष्ट्रिय वनक्षेत्रको संरक्षणमा ठुलो चुनौती र समस्या सृजना हुने अवस्था पैदा हुन जाने देखिन आएकाले यस सम्बन्धमा यस मन्त्रालयको पुन: गंभीर ध्यानाकर्षण भएको छ ।

वन ऐन २०४९ को दफा १६ मा रहेको व्यवस्था अनुसार राष्ट्रिय वनक्षेत्रको जग्गा कसैले पनि दर्ता गर्न/गराउन नपाउने स्पष्ट व्यवस्था रहेको र साथसाथै राष्ट्रिय वनक्षेत्रको जग्गा लिजमा समेत दिन मिल्ने व्यवस्था कहि कतै रहेको छैन । तसर्थ सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने संबन्धि कार्यनिती, २०७१ अनुसार राष्ट्रिय वनक्षेत्रको जग्गा कुनै पनि निकायलाई दर्ता तथा लिजमा उपलब्ध गराउन नसकिने/नमिल्ने भएको हुनाले उक्त कार्यनिती २०७१ मा **राष्ट्रिय वनक्षेत्रको जग्गा बाहेक** अन्य सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने व्यवस्था हुने गरी संशोधन हुने व्यवस्था मिलाउन पुन: तहाँ मन्त्रालयमा अनुरोध गर्ने साथसाथै उक्त कार्यनिती २०७१ अनुसारको जिल्लास्थित सिफारिस समितिबाट राष्ट्रिय वनक्षेत्रको जग्गा दर्ता तथा लिजमा दिने संबन्धी कुनै पनि कारबाही प्रकृया समेत उठान नगरिदिन तहाँ मन्त्रालय मातहतका सबै निकायहरुमा निर्देशन समेत हुने व्यवस्था मिलाउन समेत अनुरोध गर्ने भनी नेपाल सरकार ( सचिवस्तरको ) को मिति २०७३।५।०१ मा निर्णय भएको हुनाले निर्णयानुसार उक्त संशोधन कार्य अविलम्ब हुने व्यवस्था गरी सोको जानकारी यस मन्त्रालयमा दिन हुन पुन: अनुरोध गरिन्छ ।

........
राजेन्द्र काफ्ले
(सहसचिव प्रा.)

बोधार्थ :
श्री अख्तियार दुरुपयोग अनुसंधान आयोग, टंगाल : जानकारी एवं सहयोगका लागि पुन: अनुरोध छ ।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार : " " " ।
श्री कानून,न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरबार : " " " ।
श्री गृह मन्त्रालय,सिंहदरबार : जानकारी, सहयोग एवं मातहतका सबै निकायमा निर्देशन हुनका लागि पुन: अनुरोध छ ।
वन विभाग, बबरमहल : उल्लेखित सर्न्दभमा राष्ट्रिय वनक्षेत्रको जग्गा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने संबन्धि कार्यनिती, २०७१ बमोजिम कुनै पनि निकायलाई उपलब्ध गराउन नमिल्ने /नसकिने भएकोले मातहतका सबै जिल्ला वन कार्यालयहरुलाई सोको जानकारी गराउने र साथसाथै राष्ट्रिय वनक्षेत्र अतिक्रमण गर्ने जुनसुकै निकाय उपर प्रचलित कानून बमोजिम कारबाही समेत गर्न लेखी पठाउनु हुन ।
श्री ५ वटै क्षेत्रीय वन निर्देशनालयहरु : पुर्वान्चल/मध्यमान्चल/पश्चिमान्चल/मध्य पश्चिमान्चल/सुदूर पश्चिमान्चल : " " ।

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

(वन उद्यम तथा व्यवस्थापन महाशाखा)

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

व.सं.तथा व्य. ०७२।७३

पत्र संख्या:-
चलानी नं.:- ४८३
प्राप्त पत्र संख्या र मिति:

मिति:२०७३।२।२०

विषय : राष्ट्रिय वनक्षेत्रको जग्गा दर्ता गर्न नहुने संबन्धमा ।

श्री भूमिसुधार तथा ब्यवस्था मन्त्रालय
सिंहदरवार ।

उपरोक्त संबन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७२।७३ च.नं. ५-२-१७९ मिति २०७३।१।३० को पत्रबाट बैकल्पिक बसपार्कका लागि धनगढी न.पा. ४ स्थित शिवहरी सामुदायिक वन, उत्तर बेहडीले व्यवस्थापन गरी आएको राष्ट्रिय वनक्षेत्रको जग्गा धनगढी उ.म.न.पा.का नाममा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने संबन्धि कार्यनिती, २०७१ बमोजिम प्राप्त हुन भनी अनुरोध भै आएको, यसै गरी गृह मन्त्रालय लगायत अन्य मन्त्रालय/ निकायहरुबाट समेत सोही कार्यनिती २०७१ बमोजिम राष्ट्रिय वनक्षेत्रको जग्गा दर्ता तथा लिजमा उपलब्ध हुन भनी बारम्बार माग भै आउने गरेकाले यस प्रकारका जग्गा मागका सम्बन्धमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

वन ऐन २०४९ को दफा १६ मा राष्ट्रिय वनक्षेत्रको जग्गा कसैले पनि दर्ता गर्न/गराउन नपाउने स्पष्ट ब्यवस्था रहेको छ भने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई वनक्षेत्र प्रयोग गर्नुको विकल्प नरहेमा मात्र वनक्षेत्र प्रयोग गर्न नेपाल सरकार मं.प.बाट निर्णय गराई वन ऐन २०४९को दफा ६८ अनुसार स्वीकृति दिने गरिएको छ । सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने संबन्धि कार्यनिती, २०७१ अनुसार राष्ट्रिय वनक्षेत्रको जग्गा कुनै पनि निकायलाई उपलब्ध गराउन नसकिने/नमिल्ने भएको हुनाले उक्त कार्यनिती २०७१ मा **राष्ट्रिय वनक्षेत्रको जग्गा बाहेक** अन्य सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने ब्यवस्था हुने गरी संशोधन हुने ब्यवस्था मिलाउन लेखी पठाउने साथै यस ब्यहोराको जानकारी सबै निकायहरुमा तहाँबाट समेत पत्राचार मार्फत हुन र राष्ट्रिय वनक्षेत्रको संरक्षण गर्नु सबै निकायको कर्तब्य र दायित्व समेत रहेको ब्यहोरा अवगत गराउन सबै पक्षमा अनुरोध समेत गर्ने भनी नेपाल सरकार ( माननीय मन्त्रीस्तरको ) को मिति २०७३।२।९ मा निर्णय भएको हुनाले निर्णयानुसार जानकारी सहित उक्त संशोधन कार्य अविलम्ब हुने ब्यवस्था हुन अनुरोध छ ।

०७३।२।२०

राजेन्द्र काफ्ले
(सहसचिव प्रा.)

बोधार्थ :

श्री अख्तियार दुरुपयोग अनुसंधान आयोग, टंगाल : जानकारी एवं सहयोगका लागि अनुरोध छ ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार " " ।

श्री कानून,न्याय तथा संसदीय ब्यवस्था मन्त्रालय, सिंहदरबार " " ।

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,सिंहदरबार : उपरोक्तानुसार तहाँको प.सं.२०७२।७३ च.नं.५-२- १७९मिति २०७३।१।३०को पत्रबाट माग भएको राष्ट्रिय वनक्षेत्रको जग्गा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने संबन्धि कार्यनिती, २०७१ बमोजिम उपलब्ध गराउन नमिल्ने /नसकिने ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

श्री गृह मन्त्रालय,सिंहदरबार : उपरोक्तानुसार तहाँको प.सं.आ.ब्य.ख.२०७२।७३ च.नं.४६३मिति २०७३।१।९२ च.नं.४६३मिति २०७३।१।९को पत्रहरुबाट माग भएको राष्ट्रिय वनक्षेत्रको जग्गा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने संबन्धि कार्यनिती, २०७१ बमोजिम उपलब्ध गराउन नमिल्ने /नसकिने ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

श्री वन विभाग
बबरमहल ।

O/C